छत्रदेव गाउँपालिका
CHHATRADEV RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

छत्रगञ्ज, अर्घाखाँची
Chhatragunj, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Letter No.:
चलानी नं./Ref. No.:

पकेट विकास कार्यक्रमको प्रस्ताव आहवान सम्बन्धी सूचना !

सूचना नं. १५: कृषि/पशु

दोस्रो पटक प्रकाशन मिति: २०८३/०८/०४

छत्रदेव गाउँपालिकाको चालु आ.व. २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकाले इच्छुक कृषक समूह/ कृषि सहकारी/कृषि फर्महरुले निर्धारित ढाँचामा आवेदन/प्रस्ताव तयार गरी आवश्यक कागजातसहित सूचना प्रकाशन भएको मितिले ७ औं दिन अर्थात मिति २०८३/०८/१० गते कार्यालय समयभित्र यस छत्रदेव गाउँपालिकाको कार्यालयमा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । आवेदन फाराम यस कार्यालय, सम्बन्धित वडा कार्यालयमा तथा कार्यालयको वेवसाइट www.chhatradevmun.gov.np बाट समेत प्राप्त गर्न सकिने बेहोरा अनुरोध छ ।

तपसिल :-

क्र.स.	कार्यक्रमको नाम	पकेट कार्यक्रम सञ्चालन हुने वडा	वजेट	कार्यक्रम सञ्चालनको मापदण्ड	कार्यक्रम सञ्चालन प्रक्रिया
१.	भेडा /बाख्रा/च्याङ्ग्राको पकेट विकास कार्यक्रम	गा.पा.भर	१५,००,०००।-	बाख्रा पकेट न्यूनतम १००० वटा बाख्रा हुनु पर्ने ।	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना "परियोजना कार्यान्वयन म्यानुअल २०७७" पहिलो संशोधन २०८१ बमोजिम

आवेदन साथ पेस गर्नुपर्ने आवश्यक कागजातहरु:-

१. अनुसूची ६,७ र १० बमोजिमको आवेदन फारम ।
२. संस्था दर्ता तथा नवीकरणको प्रमाण-पत्रको प्रतिलिपि ।
३.निवेकको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।
४. संस्थाको PAN दर्ता प्रमाण-पत्र तथा करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
५.संस्थाको कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपि ।
६.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
७.कार्यक्रम सञ्चालन हुने स्थानको (जग्गा/जमिन) स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र र जग्गा धनी पूर्जाको प्रतिलिपि ।

.....
बासुदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner